मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ३३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ कात्तिक ७ गते सोमबार (Monday, October 24. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-



**हार्दिक शुभकामना**

शुभ दीपावली, छठ तथा नेपाल सम्वत ११४३को शुभ अवसरमा हाम्रा समस्त पाठक, विज्ञापनदाता, लेखक एवम् शुभचिन्तकहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री अन्तु प्रकाशन (प्रा.)लि.
तथा **पूर्वाञ्चल दैनिक परिवार**
प्रधान कार्यालय बिर्तामोड-१, (झापा)

**सूचनाः शुभ दीपावली बिदाका कारण पूर्वाञ्चल दैनिक पत्रिकाको आगामी अंक कात्तिक १२ गते शनिवारबाट नियमित प्रकाशन हुने जानकारी गराउँदछौं ।**
– व्यवस्थापक


# सुरक्षामा कडाइ, १५ लाखको पटका नष्ट

**झापा, कात्तिक ६।** निर्वाचनको मिति नजिकिएसँगै जिल्ला प्रहरी कार्यालय झापाले जिल्लामा सुरक्षा व्यवस्था कडा बनाएको बताएको छ ।

भारतको विहार र पश्चिम बंगाल राज्यसँग १ सय ४४ किलोमिटर खुल्ला सीमा जोडिएको झापामा सुरक्षा व्यवस्था चुस्त राख्न सीमा क्षेत्रमा निगरानी बढाउनुका साथै चाडपर्व लक्षित सुरक्षा योजनालाई समेत थप सशक्त बनाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक विश्वमणि पोखरेलले बताएका हुन् ।

विशेषगरी तिहार तथा छठ पर्वका अवसरमा भारतबाट पटकाजन्य पदार्थ नेपाल भित्रिने गरेको र चाडपर्वका समयमा विभिन्न खाले आपराधिक गतिविधि समेत हुन सक्ने भन्दै जिल्लाका विभिन्न स्थानबाट बरामद गरिएका १५ लाख मूल्य बराबरका पटकाजन्य सामग्री समेत नष्ट गरिएको प्रहरी उपरीक्षक पोखरेलले जाानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय झापामा आइतवार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रहरीले बरामद गरेका पटकाजन्य सामग्री नष्ट गरिएको थियो । त्यस अवसरमा निर्वाचन लक्षित सुरक्षा योजनाका विषयमा समेत जानकारी गराइयो । पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक पोखरेलले असोज महिनासम्म जिल्ला प्रहरी कार्यालय झापाले गरेका कामको विवरण समेत सार्वजनिक गरेका थिए ।

**तस्करी नियन्त्रणबाट तीन करोड राजश्व**

जिल्ला प्रहरी कार्यालय झापाले भन्सार छली तस्करीमा संलग्न भएका नौ वटा सवारी साधन नियन्त्रणमा लिएको र नौ जना मानिसलाई समेत पक्राउ गर्दै कारवाही अघि बढाएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रहरीले सो अवधिमा भन्सार छली गरी नेपाल भित्र्याइएका कस्मेटिक आइटम, किराना, लत्ताकपडा, सवारी साधनका पार्टपुर्जा, विद्युतीय सामग्री, सूर्तिजन्य पदार्थ, पशुचौपाय लगायतका सामग्री बरामद गर्दा तीन करोड ९९ हजार ९ सय ३३ रुपैयाँ राजश्व संकलन भएको प्रहरी उपरीक्षक पोखरेलले बताए । बरामद गरिएका सबै सामग्री भन्सार बुझाइएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

**उत्खनन् नियन्त्रणबाट १४ लाख राजश्व**

प्रहरीले नदीजन्य पदार्थको अवैध उत्खनन् तथा ओसारपसार नियन्त्रणतर्फ १४ लाख ३० हजार रुपैयाँ राजश्व संकलन गरेको बताइएको छ ।

असार, साउन र भदौ महिनामा मात्रै अबैध रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसारमा संलग्न ६४ वटा सवारीलाई नियन्त्रणमा लिई कारवाही अघि बढाएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । प्रहरीले सो अवधिमा ट्रक, टिपर, जेसीवी, ट्याक्टर लगायतका सवारी नियन्त्रणमा लिएको बताइएको छ ।

**वन तथा वन पैदावरको अबैध कारोवार नियन्त्रण**






वन तथा बन पैदावरको अवैध कारोवारमा सम्लग्न नौ जनालाई प्रहरीले नियन्त्रणमा लिएर कारवाही अघि बढाएको छ । असोज मसान्तसम्ममा जिल्ला प्रहरी कार्यालय झापाले ७८४ क्यूविकफूट काठ नियन्त्रणमा लिएको र २७ लाख ४० हजार ८ सय ९६ रुपैयाँ राजश्व संकलन गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

जिल्ला प्रहरी कार्यालय झापाले प्रदेश सरकारको सहयोगमा जिल्लाका ९४ स्थानमा सीसी क्यामेरा जडान गरेको बताइएको छ । सुरक्षालाई प्रविधिमा जोडेको र अपराधिक गतिविधि नियन्त्रणमा यसले सहयोगी भूमिका निर्वाह गर्ने प्रहरी उपरीक्षक पोखरेलले बताए ।

**१३१ जना फरार प्रतिवादी पक्राउ**

जिल्ला प्रहरी कार्यालय झापाले अदालतको फैसला कार्यान्वयनतर्फ एक सय ३१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जसमा एक सय २६ जना पुरुष र ५ जना महिला रहेको प्रहरीले जनाएको छ । प्रहरीले पक्राउ परेकाहरुमध्येबाट एक सय २२ वर्ष २ महिना १६ दिन कैद भुक्तान हुने बताइएको छ । उनीहरुबाट ८३ लाख ३३ हजार २ सय ७२ रुपैयाँ जरिवाना असुल हुने प्रहरी उपरीक्षक पोखरेलले बताए ।

**२२८ जना लागूऔषध मुद्दामा पक्राउ**

जिल्ला प्रहरी कार्यालय झापाले असोज मसान्तसम्ममा २ सय २८ जनालाई लागूऔषध कारोवारमा संलग्न भएको अभियोगमा पक्राउ गर्दै मुद्दा दर्ता गरेको छ । जसमा १९ जना महिला रहेका छन् ।

लागूऔषध ओसारपसार मुद्दामा अझै ८ जना पुरुष फरार रहेकाले उनीहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । चालू आर्थिक वर्ष १६८ वटा लागूऔषधका मुद्दा फछ्र्यौट भएको बताइएको छ । प्रहरीले पछिल्लो समय ४ सय ९५ एम्पुल डाइजापाम, २ केजी ३ ग्राम ब्राउनसुगर, ६१६ एम्पुल फेनारगन, ३३ केजी गाँजा, ६ ग्राम चरेस लगायतका लागूऔषध वरामद भएको जनाएको छ ।

**विष्फोटक पदार्थसहित नौ जना पक्राउ**

गत माघ वर्षको ९ गते झापाको बिर्तामोड-४स्थित पश्चिम वसस्टेण्ड, दमक नगरपालिका-५स्थित सिवन चर्चमा बम जस्तो देखिने शंकास्पद प्रेसर कुकर राखेर जनजीवन त्रसित बनाउने कार्यमा संलग्न नौ जनालाई प्रहरीले पक्राउ गरेको र कारवाही प्रक्रिया जारी रहेको बताइएको छ । कारवाही प्रक्रिया अघि बढाइएकामध्ये ५ जना धरौटीमा रिहा भएको र ४ जना अझै थुनामा रहेको प्रहरीले जनाएको छ ।

उनीहरुबिरुद्ध मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद ७ को विष्फोटक पदार्थ सम्बन्धी कसुर अन्तरगत मुद्दा दर्ता गरिएको बताइएको छ ।

**हत्यामा संलग्न ८ जना पक्राउ**

प्रहरीले जिल्लाका विभिन्न स्थानबाट हत्यामा संलग्न भएको आरोपमा आठ जनालाई पक्राउ गर्दै कारवाही अघि बढाएको छ ।

अर्जुनधारा-४ र ११ नम्वर वडामा भएका व्यक्ति हत्याका घटनामा सम्लग्न भएको अभियोगमा आठ जनालाई पक्राउ गर्दै कारवाही अघि बढाएको हो ।

गत असार १२ गते अर्जुनधारा-४ स्थित सहासी टोलमा पैनीको कल्भर्टभित्र भारतीय नागरिकको हत्या गरी फालिएको अवस्थामा ४० वर्षीय झपडिया नरेशकुमार वावु भाइको शव फेला गरेको थियो । उक्त घटनामा संलग्न भएको आरोपमा अर्जुनधारा-७ स्थित ३२ वर्षीय जानुका देवी थापा, विनय भन्ने वृख वहादुर थापा, सुनसरी वराह क्षेत्र नगरपालिका-१० निवासी २५ वर्षीय सुरेश परियार, सुन्दरहरैंचा-६ निवासी २० वर्षय शैलेस सापकोटा पक्राउ परेका थिए ।

त्यस्तै अर्जुनधारा-११ स्थित कान्तिपुर ड्राइभिङ सेन्टर

(बाँकी अन्तिम पृष्ठमा)

## राति १० बजेपछि देउसी भैलो खेल्न नपाइने

**झापा, कात्तिक ६।** जिल्ला प्रशासन कार्यालय झापाले राति १० बजेपछि देउसीभैलो खेल्न रोक लगाएको छ ।

प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले शान्ति सुरक्षालाई दृष्टिगत गरी राति १० बजेपछि देउसीभैलो खेल्न रोक लगाइएको बताए ।

उनले तोकिएको समय सीमाभित्र मात्रै देउसीभैलोलगायत सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रम गर्न दिने निर्णय भएको बताए । प्रशासनको आदेश उल्लंघन गरेमा कानून अनुसार कारबाही गरिने उनले बताए । चाडबाडमा विभिन्न किसिमका आपराधिक घटना हुनसक्ने भएकाले सुरक्षा सतर्कता बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विश्वमणि पोखरेलले बताए ।

उनले चाडबाडमा बैक तथा वित्तीय संस्था, मठमन्दिर, पोखरी र मुख्य पसलहरूमा असुरक्षा हुनसक्ने भएकाले जनपदसँगै सिभिल प्रहरी परिचालन गरिएको जानकारी दिए । प्रशासनले पटका, आतिसबाजी तथा अन्य प्रज्ज्वलनशील पदार्थको ओसारपसार, बिक्री तथा प्रयोग नगर्न पनि अपिल गरेको छ ।

## तेस्रो कार्यकालका लागि सी चिनफिङ राष्ट्रपति

**प्रधानमन्त्रीमा लि चियाङ निर्वाचित**



**काठमाडौं, कात्तिक ६।** चिनियाँ राष्ट्रपति सी चिनफिङले माओत्सेतुङले चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गरेयता चीनले देखेका सबैभन्दा प्रभावशाली नेताहरूमध्ये एकका रूपमा देशको शीर्ष नेताको रूपमा अभूतपूर्व तेस्रो कार्यकाल हासिल गरेका छन् ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को २०औं केन्द्रीय समितिको आइतबार सम्पन्न पहिलो पूर्ण अधिवेशनमा सी चिनपिङ महासचिवमा निर्वाचित भएको सरकारी सञ्चारमाध्यम सिन्ह्वाले जनाएको छ ।

सीको अध्यक्षतामा भएको उक्त सत्रमा चिनियाँ कम्युनिष्ट पार्टीको २०औं केन्द्रीय समितिका २०३ सदस्य र १६८ वैकल्पिक सदस्यको सहभागिता थियो । उक्त सत्रमा सीलाई सीपीसी केन्द्रीय सैन्य आयोगको अध्यक्षमा पनि नियुक्त गरिएको थियो । एक हप्ता लामो बैठकपछि पाँच वर्षमा एकपटक सम्पन्न भएको राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ ।

सीपीसीको सूचीकृत २०५ सदस्यमध्ये ११ जना मात्र महिला रहेका छन् । सीपछिका दोस्रो शक्तिशाली अधिकारीका रूपमा हेरिँदै आएका चिनियाँ प्रधानमन्त्रीलाई नयाँ केन्द्रीय समितिमा समावेश गरिएको छैन । जसको अर्थ लीले आफ्नो पार्टी भूमिकाबाट बिदा लिने सम्भावना छ । तेस्रो कार्यकालका लागि राष्ट्रपति बनेका सी जिन्पिङ भविष्यमा कुनै राजनीतिक उतार चढाव आएर पदबाट हटाइएको अवस्थामा बाहेक आफूले चाहेसम्म पदमा रहिरहन सक्छन् ।

कम्युनिष्ट पार्टीको केन्द्रमा सीलाई निरन्तरता बाहेक यो महाधिवेशनले अरू कुनै निर्णय लिने अपेक्षा कसैले गरेका थिएनन् । यसमा नयाँ के भयो भने सीको नयाँ टोलीमा उनका निकटस्थहरू जम्मा भए ।

देशको अर्थतन्त्रको नेतृत्व गर्ने पार्टीको दोस्रो बरीयताको नेता तथा प्रधानमन्त्रीमा सीले ली चियाङलाई छानेका छन् । ली साङ्घाइमा कोभिड नियन्त्रणका लागि लगाइएको लकडाउनका कारण आलोचित थिए । कम्युनिष्ट पार्टीको २५ सदस्यीय पोलिटब्यूरोमा महिला कहिल्यै चुनिएका छैनन् ।

सीले पनि यो परम्परा तोड्न सकेनन् । चीनको सांस्कृतिक क्रान्तिका समयमा ग्याङ अफ फोरका नामले

(बाँकी अन्तिम पृष्ठमा)

## फूलको थुङ्गा टपक्कै टिपी ....

**झापा, कात्तिक ६।** नेपालीको घरआँगनमै तिहार आइसक्यो । तिहार भन्ने बित्तिकै देउसी भैलोलाई बिर्सिने कुरा नै भएन । त्यसमा पनि नेपाली गीत सङ्गीतलाई देउसी, भैलो गीतले वर्षौंदेखि अजर अमर बनाउँदै आएको छ ।

तर, पछिल्ला केही वर्षयता बिस्तारै मादल, बाँसुरी, झ्याली बजाएर खेलिने देउसी लोप हुँदै गएको छ । प्रविधिको विकाससँगै डिजेमा देउसी गीत बजाएर देउसीभैलो खेल्ने चलन बढेको छ । यसरी देउसी, भैलोसँगै बज्ने यी गीतहरुले जहिले तिहारमा रौनक थप्ने गरेको छ ।

**तिहारै आयो लौ झिलीमिली ...**

नेपाली पुरानो चलचित्र स्वर्गमा रहेको यो गीतको पहिलो धुन बजेपछि बल्ल तिहारको रौनक बढ्छ । यो गीतको धुनसँगै हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेकोसम्म आइपुग्दा माहोल उल्लासमय हुन्छ र हरेक नेपालीले तिहार आएको अनुभूति गर्छन् । यो गीत तिहारका लागि त मुख्य गीत नै हो । त्यसैले यस गीतलाई तिहार, देउसी भैलोमा बज्ने गीतमा सम्झिनै पर्छ ।

लोचन भट्टराई र नूतन प्रधानले गाएको यस गीतमा सङ्गीत यादव खरेलको छ । विशेषगरी भैली गीत रहेकाले यसमा चेलीहरुको भैली गीतको सुगन्ध पाइन्छ । यस गीतलाई नेपाली चलचित्रको गीतहरुमा चाडबाड समेटिएको उत्कृष्ट गीतमा पनि लिन सकिन्छ । हरेक देउसी भैलो खेल्ने समूहले यो गीतलाई प्राथमिकतामा बजाउँदै नृत्य गर्ने गरेका छन् ।

**सिमल बारुलै ...**

नवीन खड्का, पुस्तका खड्का र साथीहरुको स्वरमा सजिएको देउसी गीत सिमल बारुलै सम्भवतः एक दशकदेखि नेपालका गाउँ शहर जतातै बढी घन्किने देउसी गीत हो । यो गीत घन्किन थालेपछि धेरै देउसी

(बाँकी अन्तिम पृष्ठमा)

## सुरक्षा गार्डद्वारा किशोरीलाई करणी

**झापा, कात्तिक ६।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मेचीनगर नगरपालिका-७ घर भएका सोही ठाउँस्थित चिया बगानमा गार्डको रुपमा काम गर्ने ५४ वर्षीय नन्दप्रसाद पौडेललाई प्रहरीले पक्राउ गरेको छ ।

पौडेलले ती किशोरीलाई गार्ड सुत्ने कोठामा लागेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उता काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी ओरालोबाट १ हजार दरको ११ थान नक्कली नोट सहित गोकर्णेश्वर नगरपालिका-८ बेशीगाउँ बस्ने ३१ वर्षीया दुर्गा महर्जन लगायत ५ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)


**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।*

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

२०७९ सालको कक्षा १२ को परीक्षामा सफल हुने सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना ।


ADMISSION OPEN
FOR BBS
BACHELOR OF BUSINESS STUDIES

प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गत शैक्षिक वर्ष २०७९/०८० का लागि स्नातक तह प्रथम वर्ष (बि.बि.एस.) मा नयाँ भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराइन्छ ।

■ विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।

PROVIDENCE COLLEGE OF MANAGEMENT
BIRTAMODE-1, JHAPA
For more info 023-540195/540443/542820
www.facebook.com/balmikiprovidence

# 'तिम्रो मेरो साथ': पुष्पको अंगालोमा साम्राज्ञी




निर्माता रमेश एमके पौडेल निर्देशित पहिलो फिल्म 'तिम्रो मेरो साथ'को एक पोष्टर सार्वजनिक गरिएको छ ।

तिहारको अवसर पारेर आइतवार सार्वजनिक गरिएको पोस्टरमा फिल्मका मुख्य अभिनेता पुष्प खड्का र अभिनेत्री साम्राज्ञी आरएल शाह स्विमिङ पुलमा हट अवतारमा प्रस्तुत छन् । स्विमिङ सुट लगाएकी साम्राज्ञीलाई सर्टलेस पुष्पले आफ्नो अंगालोमा कसेको देख्न सकिन्छ ।

आगामी पुस २९ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको यस फिल्मको पहिलो गीत लक्ष्मी पूजाको अवसर पारेर आज सोमवार सार्वजनिक हुँदैछ । फिल्ममा पुष्प र साम्राज्ञीका अलवा सन्दिप क्षेत्री, खड्कबहादुर पुन (खबपु), इमिली लामा, सरोज खनालको अभिनय छ भने विशेष भूमिकामा ध्रुव दत्तले अभिनय गरेका छन् । पुष्प र साम्राज्ञीले यसअघि फिल्म 'मारुनी'मा एकसाथ काम गरेका थिए ।

'तिम्रो मेरो साथ'मा निर्देशक पौडेल स्वंयमको कथा, गीत र निर्माण छ । आर्यन फिल्मस तथा बोधी एचडी अमेरिकाको ब्यानरमा निर्मित यस फिल्मको निर्मातामा पासाङ लामा र सह-निर्मातामा निरू भण्डारी, अशोक पोखरेल, सुमन पौडेल र सुधिर पराजुली छन् । कार्यकारी निर्माता सविर श्रेष्ठको पटकथा र संवाद रहेको फिल्ममा शिव ढकालको छायांकन र योगेश काजीको संगीत छ ।

## 'सान्नानी २ : एकानी दुवानी तीनानी'




गायक बाबु बोगटीले नयाँ गीत 'एकानी दुवानी तीनानी' ल्याएका छन् । यसलाई उनले झण्डै एक दशकअघि रिलिज भएको आफ्नो चर्चित गीत 'सान्नानी'को दोस्रो भाग 'सान्नानी २' भनेका छन् ।

बाबुले केही समयअघि 'नयाँ पुस्तालाई रिकल गर्न' भन्दै 'सान्नानी' गीतको रिमेक भर्सन समेत ल्याएका थिए । 'रिमेकले पुरानो गीतलाई रिकल गऱ्यो र सान्नानी २ लाई प्रतीक्षित बनायो भन्ने मलाई लाग्छ । नयाँ गीतको भावलाई पुरानो गीतसँग जोड्ने कोसिस गरिएको छ- उनले भने ।

'सान्नानी २'मा बाबु बोगटीकै शब्द तथा संगीत रहेको छ भने सञ्जय हमालले एरेन्ज गरेका छन् । गीतको भिडियोमा 'सान्नानी' अभिनेत्री नन्दिता केसी र बाबु स्वयम् फिचर्ड छन् । प्रहिल कार्कीले निर्देशन गरेको भिडियोमा उत्तम हुमागाँईको छायांकन र माधव बेल्वासेको सम्पादन रहेको छ ।

पछिल्लो समय अमेरिकामै धेरै बसोबास गर्दै आइरहेका गायक बाबु बोगटीका तुलसी आँगनमा, जमुना, सानो छ गाउँ, टिकुली लगायत गीत पनि चर्चित छन् ।

# अनाथ तथा असहाय बालबालिकाको सहयोगार्थ सांगीतिक कार्यक्रम

**अर्जुनधारा, कात्तिक ६।** सामाजिक क्षेत्रमा सक्रिय संस्था झापाको अर्जुनधारा-३ खुदुनाबारीस्थित युथ अफ खुदुनाबारीले आइतबार 'वृहत् खुदुनाबारी सांस्कृतिक सांगीतिक कार्यक्रम-२०७९' को आयोजना गरेको छ ।

नेपालीहरुको साझा चाड शुभ दीपावलीको सन्दर्भमा आयोजित उक्त कार्यक्रमको उद्देश्य अनाथ तथा असहाय बालबालिकाहरुको शिक्षा, स्वास्थ्य साथै लागूऔषध दुर्व्यसन न्यूनीकरण सहयोगार्थ सञ्चालन गरिएको आयोजक संस्थाका अध्यक्ष मनोज सिटौलाले बताए । स्थानीय न्यू होप अंग्रेजी माध्यमिक विद्यालयको प्राङ्गणमा संस्थाका अध्यक्ष सिटौलाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले गरेका थिए ।

राष्ट्रियस्तरका एवम् स्थानीय कलाकारहरुबाट गीत तथा नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रममा सहआयोजकद्वय अर्जुनधारा डान्स एकाडेमी र सारेगम कला केन्द्रका कलाकारहरुको प्रस्तुति रहेको थियो ।

सामाजिक क्षेत्रमा संस्थाले पुऱ्याएको योगदानको प्रशंसा गर्दै कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि तामाङले आफ्नो एक महिनाको पारिश्रमिक संस्थालाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा युथ अफ खुदुनाबारीको अफिसियल वेबसाइटको पनि उद्घाटन गरिएको थियो । कार्यक्रममा संस्थालाई सहयोग प्रदान गर्ने अर्जुनधारा नगरपालिकाको कार्यालय, अर्जुनधारा-२ नम्बर वडा कार्यालय, अर्जुनधारा-३ नम्बर वडा कार्यालय, जुकेखाडी




सामुदायिक वन उपभोक्ता समूहको कार्यालयलगायतका दाता एवम् संस्थाहरुलाई सम्मान-पत्र प्रदान गरिएको थियो ।

संस्थाका उपाध्यक्ष मदन गिरीले स्वागत मन्तव्य र सारेगम कला केन्द्रका सञ्चालक सन्तोष आलेले स्वागत गीत प्रस्तुत गरेको उक्त कार्यक्रमको सञ्चालन संयुक्त रुपमा अभिषेक विश्वकर्मा र सुजता रसाइँलीले गरेका थिए ।

# ट्राफिक व्यवस्थापनमा 'डमी'

**मोरङ, कात्तिक ६।** मोरङमा ट्राफिक व्यवस्थापन चुस्त बनाउन 'डमी' ट्राफिक प्रहरीले सघाएको छ । जनशक्तिको कमीका कारण हरेक स्थानमा ट्राफिक प्रहरी खटिन असम्भव भएपछि सडक अनुशासन कायम गराउन 'डमी' ट्राफिक प्रहरीको सहारा लिइएको छ ।

'डमी'लाई विराटनगर-बुढीगङ्गा अन्तर्गत निमुवासम्मको नौ स्थानको सडकको मध्यभागमा खडा गरिएको छ । 'डमी' ट्राफिक प्रहरीले सडक दुर्घटनामा अङ्कुश लगाउन मद्दत पुऱ्याएको छ भने मापसे गरेर सवारी कुदाउनेलाई समेत सतर्क तुल्याएको छ । बीच सडकमा ठडिएका 'डमी' ट्राफिक प्रहरी असरदार देखिएको छ र 'डमी' भएको स्थानमा मापसे सेवनबाट हुने सवारी क्षतिको आँकडामा आश्चर्यजनक सुधार आएको छ ।

सडक दुर्घटना न्यूनीकरण, सचेतना र सतर्कताका लागि राखिएका 'डमी' ट्राफिक प्रहरी नक्कली भए पनि दुरूस्तै देखिन्छ । बीच सडकको डिभाइडरमा टाँगिएका 'डमी' ट्राफिक प्रहरीले सडक दुर्घटना हुन नदिन प्रभावकारी भूमिका खेलेको छ ।

'डमी' ट्राफिक प्रहरीले चालकमा मनोवैज्ञानिक प्रभाव पारेको छ । कुनै




हर्कत नगरी उभिए पनि 'डमी' ट्राफिक प्रहरीले सडक सुशासन कायममा सफलता पाएको महशुस सर्वसाधारणले समेत गरेका छन् । परबाट 'डमी' को आकार प्रकार सक्कली ट्राफिक प्रहरी झैँ देखिन्छ । 'डमी' ट्राफिक प्रहरीलाई टाढाबाट सक्कली ठानेर जथाभावी सवारी साधन चलाउने चालकले समेत सतर्कतापूर्वक सवारी चलाउने, लेन नमिच्ने, जथाभावी ओभरटेक गर्न आँट नगरेकोले दुर्घटनाको तथ्याङ्क सुध्रिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङको 'डमी' ट्राफिक प्रहरी राखेर ट्राफिक सचेतना फैलाउने प्रयोग सफल देखिएको छ । सडक अनुशासन पालना गर्न गराउन ठाउँ-ठाउँमा 'डमी' ट्राफिक प्रहरी राख्ने कार्यको चौतर्फी प्रशंसा भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख एवम् प्रहरी निरीक्षक राजकुमार कार्कीले मोरङमा ट्राफिक प्रहरीको जनशक्ति न्यून भएको र सबै ठाउँमा ट्राफिक प्रहरी पुग्न नसक्ने भएकाले दुर्घटनाको जोखिम भएका स्थानमा 'डमी' ट्राफिक प्रहरीबाट काम चलाइएको बताए । वहाँले सर्वसाधारणमा निर्जीव 'डमी' ट्राफिक प्रहरीको प्रभाव सक्कली ट्राफिक प्रहरी झैँ पर्ने गरेको बताए ।

कार्कीले 'डमी' ट्राफिक प्रहरी राखेपछि आश्चर्यजनकरूपमा गम्भीर प्रकृतिका दुर्घटनामा कमी आएको बताए । 'डमी' ट्राफिक प्रहरीले दुर्घटनाको सम्भावना ५० प्रतिशतले घटाएको, चालकमा सतर्कताको भावना पैदा गरेको र सचेतना फैलाउने कार्यमा सहायक सिद्ध भएको उनको भनाइ थियो ।

ट्राफिक प्रहरी नपुगेको ठाउँमा 'डमी' ट्राफिक प्रहरी राख्दा मादक पदार्थ सेवन गरेर सवारी कुदाउनेको संख्यामा समेत कटौती भएको प्रमुख कार्कीले बताए । उनले सक्कली र 'डमी' ट्राफिक प्रहरीबाट मात्र ट्राफिक व्यवस्थापन कायम गर्न नसकिने भन्दै सचेतना प्रवर्द्धनको कार्यक्रमलाई तीव्र पारिएको जानकारी दिए ।

## जंगलमा आगो लगाउने ७२ जना पक्राउ

**काठमाडौं, कात्तिक ६।** पोर्चुगलमा जङ्गलमा आगो लगाउने अपराध गरेका ७२ जनालाई यसवर्ष पक्राउ गरी कारबाही गरिएको छ । सरकारले जङ्गलमा आगो लगाउने व्यक्तिहरुलाई कडा कारबाही गर्ने गरेको बताइएको छ ।

शनिबार नेशनल रिपब्लिकन गार्ड ( जिएनआर) का एक जना अधिकारीले सो कुराको जानकारी गराएका हुन् । उनका अनुसार यहाँ सन् २०२१मा अर्थात् अघिल्लो वर्ष ५२ जनालाई पक्राउ गरी कारबाही गरिएकामा यसवर्ष मात्र त्यसमा कस्तीमा पनि ३८ प्रतिशतले बृद्धि भई देशव्यापी रुपमा ७२ जनालाई पक्राउ गरिएको थियो ।

जङ्गलमा आगो लगाउने अपराध गर्ने व्यक्तिलाई यहाँको सरकारले विशेष रुपमा खोज्ने गर्दछ । सरकारले यसवर्ष एक हजार एक सयभन्दा बढी व्यक्तिमा अनुसन्धान गरेर ती व्यक्ति भेटेको जनाएको थियो । उनीहरुमा गरिएको अनुसन्धानबाट ७२ जना दोषी पाइएको समाचारमा जनाइएको छ ।

यस वर्ष आगलागीबाट पोर्चुगलको कम्तीमा पनि एक लाख ११ हजार हेक्टरभन्दा धेरै जमिनको बन जङ्गल ध्वस्त भएको छ । यो सन् २०१७ पछिको सबैभन्दा धेरै आगलागी हो ।

## तेस्रो ...

चिनिएको नेतृत्व तहको समूहमा माओकी चौथो श्रीमती रहे पनि उनको पद औपचारिक थिएन । नेतृत्वमा महिला नहुँदा कतिपयलाई बेखुसी लागे पनि यो अनौठो होइन ।

चीनको नयाँ प्रधानमन्त्रीमा ली चियाङ चयन भएका छन् । प्रधानमन्त्री ली खछ्याङ पार्टी नेतृत्वबाट बाहिरिएपछि आइतवार नयाँ प्रधानमन्त्रीको घोषणा भएको हो । यसअघि चिनियाँ कम्युनिष्ट पार्टीको स्थायी समितिबाट यसअघिका प्रधानमन्त्री ली सहित चार जना नेताहरू बाहिरिएका थिए ।

**को हुन् नयाँ प्रधानमन्त्री ?**

राष्ट्रपति सीसँग निकट मानिने ६३ वर्षीय ली यसअघि उनको सचिवालयमा प्रमुखको रूपमा समेत काम गरेका थिए । चियाङ पार्टीको साङ्घाइ प्रमुख थिए र यसअघि उक्त सहरमा भएको दुई महिने लकडाउनमा उनले नेतृत्व गरेका थिए । स्टेट काउन्सिल भनिने चिनियाँ मन्त्रिपरिषद्को अनुभव नभएका लीलाई पार्टीमा एकै पटक केही तह बढुवा सहित प्रधानमन्त्रीमा नियुक्त गरिएको हो । केन्द्रमा काम गरेको अनुभवबिनै प्रदेश वा नगरको जिम्मेवारीबाट सिधै प्रधानमन्त्रीमा बढुवा हुने ली चियाङ पहिलो अधिकारी हुन्- अमेरिकन युनिभर्सिटीका प्राध्यापक याङ झाङले भने । उनका अनुसार उपप्रधानमन्त्रीको रूपमा काम नगरी प्रधानमन्त्री बन्ने ली झाओ इनलाई पछि दोस्रो हुन् ।

मन्त्रिपरिषद्को अनुभव नभएका कारण ली आफ्नो अधिकार प्रयोगका लागि राष्ट्रपति सीमा निर्भर रहनुपर्ने विश्लेषकहरूले बताएका छन् ।

यसअघिका प्रधानमन्त्री ली खछ्याङ स्थायी समितिमा राष्ट्रपति सीसँग समेत प्रतिवाद गर्न सक्थे । लीको बढुवाले चिनियाँ राजनीतिमा महत्वपूर्ण पुनर्संरचनाका साथै राष्ट्रपति सीमा थप शक्ति केन्द्रीकृत भएको देखाएको छ ।

## सुरक्षामा कडाई ...

नजिकै नवीन्द्र गुरुङको हत्यामा संलग्न भएको आरोपमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा अर्जुनधारा-१० निवासी कुमार सुब्बा भन्ने कुमार आङ्दम्वे, इलाम नगरपालिका वडा नं ९ स्थायी घर भई अर्जुनधारा वडा नं ११ स्थित ताप्लेजुङ इलाम होटलका सञ्चालक ३८वर्षीय इन्द्रबहादुर अधिकारी, सोही होटलका स्टाफ २१ वर्षीय अमृत आचार्य र पाँचथर फालेलुङ ७ स्थायी घर भई होटेलका स्टाफ आचार्यकी श्रीमती २३ वर्षीया बिमला राई रहेका छन् । दशैंको नवमीको दिन तास खेल्दै गरेको अवस्थामा पैसा हारजितको विषयलाई लिएर अर्जुनधारा-११स्थित टेकबहादुर गिरी नयाँ बसपार्क एरियामा २५ वर्षीय गुरुङको हत्या भएको थियो ।

यता झापा गाउँपालिका-६मा श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले नाइके हस्दा सतारलाई पक्राउ गरेको छ । उनले गत भदौ १० गते ३५ वर्षीया श्रीमती तालामाई हस्दालाई कोखामा धारिलो हतियार प्रहार गरी हत्या गरेको बताइएको छ ।

## सुरक्षा ...

उक्त स्थानमा नक्कली (जालीनोट) कारोबार भईरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूको साथबाट उक्त नक्कली नोट बरामद गरको हो । साथै उनीहरुको साथबाट १ हजार दरको ३६ थान र ५ सय दरको ९७ थान समेत गरी जम्मा ८४ हजार ५ सय रूपैयाँ सक्कली नोट समेत प्रहरीले बरामद गरेको छ ।

## फूलको ...

समूहले यसै गीत बजाएर देउसी खेल्ने गरेका छन् । करिब १८ मिनेटको यो गीतमा देउसी खेल्न आउनेहरुले घर प्रवेश गरेदेखि बिदा हुनुपूर्वका सबै भाका र शब्दहरुलाई सयपत्रीको माला उनेजस्तै गरी उनिएको छ । एकान्त रातमा देउसी, भैलोको आवाजसँगै कुकुर भुकेपछि घरमा हुने बूढाबूढीको संवादबाट सुरु हुने देउसी रोचक छ । भट्याउने देउसी भन्नेसँगै बीचबीचमा आएका पूर्वेली भाकाले छुनसम्म मन छुन्छ । यसकारण पनि यो गीत देउसीको सदावहार गीत भन्दा फरक पर्दैन ।

**ढक र मक फूलैमा र फुल्यौ सिमल**
**बारुलै फूलबारी हजुर बगानमा**
**नाचनी र आयौ खेलनी र आयौं**
**सिमल बारुलै लक्ष्मी हजुर आगनमा**
**ए आ है ...हहाहहाहहाहहा...**

देउसी नृत्यका रुपमा दर्शकमाझ ल्याइएको यो गीतको सङ्कलन लक्ष्मी पराजुलीले गरेका हुन् । नेपाली लोक सांस्कृतिक केन्द्रले ल्याएको गो गीत हाम्रो भाका हाम्रो संस्कृत एल्बमको भाग २ मा समावेश छ ।

यस गीतमा सांस्कृतिक केन्द्रलाई मरुवा माझगाउँ सङ्खुवासभाका स्थानीयवासीले देउसी खेल्न सघाएका छन् । यसर्थमा यो पूर्वेली माटोको सुगन्धले भरिएको भाका हो । तर विस्तारै यो भाकाले देशभरका गाउँगाउँ सम्म घन्किने र मन छुने गरेको छ । देउसीको सुरुआतदेखि आशिक दिने र बिदा हुनेसम्मका सवै विषयलाई लय मिलाएर भाका बनाइएकाले पनि यो गीत देउसी खेल्नका लागि पूर्ण गीत हो ।

**फूलको थुङ्गा टपक्कै टिपी ...............**
**फूलको थुङ्गा टपक्कै टिपी देउराली चढाउँदै**
**देउसीमा आयौं भैलेनी आयौं तिहार मनाउँदै**

अरुण उपत्यकाको यो गीतमा पनि नवीन खड्का, पुस्तका खड्का र साथीहरुको स्वर सुन्न सकिन्छ । पूर्वेली लोकसंस्कृति संरक्षणमा अब्बल अरुण उपत्यकाको लोकसुसेलीहरुको संरक्षणमा लामो समयदेखि कृयाशील खड्काको स्वरमा सजिएको यो गीत पनि नेपाली माटोको सुगन्ध बोकेको देउसी गीत हो । यस गीतको अध्ययन सङ्कलन नवीन खड्काले गरेका छन् ।

सङ्गीतमा खड्कालाई यस गीतमा शिलाबहादुर मोक्तानले पनि सघाएका छन् । आधा दशक अघिदेखि स्रोत दर्शकमाझ आएको यो गीत पनि पूर्वेली माटोको गीत हो । १३ मिनेट बढीको यो गीत पनि देउसीको लागि तयार गरिएको पूर्ण गीत हो । देउसी शुरु, मध्य र आशिक दिँदै देउसी घरबाट बिदा हुने प्रकृयालाई समेटिएको यो गीत पनि देउसीका लागि महत्वपूर्ण गीत हो ।



**यसपालिको तिहारै रमाइलो ...**

पछिल्लो समय देउसीसँगै नृत्य गर्ने परम्परा बढ्दो छ । नृन्य बिनाको देउसी समूहको आकर्षण नै घट्न थालेको छ । यसर्थमा सामूहिक रुपमा आयोजना हुने देउसी कार्यक्रमहरुमा नृत्य राखिएकै हुन्छ । यस्ता नृत्यमा छुट्दै नछुटेको गीतमा यो गीतलाई पनि लिन सकिन्छ ।

कोहिनुर चलचित्रको यो गीत चलचित्रसँगै धेरैले मन पराएको गीत हो । प्रमोद खरेल र अन्जु पन्तको स्वरमा रहेको यो गीत शम्भूजित बास्कोटाले सङ्गीत भर्नुभएको छ । नेपाली देउसीको समयलाई दृष्यमा देखाइएकाले र समसामयिक तिहारसँग जोडिएको यो गीत पनि देउसीमा बज्ने उत्कृष्ट गीतमा पर्दछ ।

**देउसी, भैलो गीत देउसिरे भन साथी हो ...**

नेपाली गीत सङ्गीतमा चाडबाडलाई लक्षित गरी नयाँ सिर्जना ल्याउने चलन कायम नै छ । नयाँदेखि चलेका पुराना सर्जकहरु यस्ता सिर्जना बनाउन लोभिन्छन् । यसैक्रममा यसवर्षका लागि भर्खरै मात्रै पशुपति शर्मा, शान्तिश्री परियार, सुप्रिम मल्ल ठकुरी र पुजा देवकोटाको नयाँ देउसी गीत सार्वजनिक भएको छ ।

यसले पनि छोटो समयमा दर्शक स्रोताहरुको मन जितिरहेको छ । गुडलक नेपाल युट्युव च्यानलमा सार्वजनिक भएको यो गीतले १० दिनमै करोड 'भ्युज' पाइसकेको छ । मुख्यगरी पशुपति शर्माले मुख्य भूमिका निर्वाह गरेको यो गीतले पनि तिहारमा रमाइलो दिन थालेको छ ।

यी गीतहरुका अलावा तिहार भन्ने बित्तिकै अन्याय चलचित्रको अधरमा आज उनकै छ गीत, आशा भोस्लेको दियो बाली साँझको, बिजय पराजय चलचित्रको निधारमा लर्काएर सप्तरङ्गी टीका, राजु लामाको स्वरमा रहेको भाइटिकामा भेट्न आउँला बोलको गीतले पनि देश विदेशमा रहेका नेपालीको मन बिझाँउछ र बेस्सरी तिहार सम्झाउँछ । त्यस्तै टङ्क बुढाथोकीको भन भन भाइ हो, धर्मेन्द्र सेवानको देउसिरे, एक्स व्याण्डको देउसी भैलोलगायतका थुप्रै गीतलाई तिहारमा बज्ने गीतहरुका रुपमा लिन सकिन्छ ।


# सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बिर्तामोड-५, झापाको

## एकाईगत बार्षिक साधारणसभा तथा प्रतिनिधि छनौटमा सहभागी बारेको सूचना

**सम्पूर्ण शेयर सदस्यज्यूहरू,**

यस संस्थाको १९औं बार्षिक साधारणसभाको लागि विनियम २०५३ (२०७६ पुनर्लेखन) को दफा २० बमोजिम १०:१ को अनुपातमा मूल साधारणसभा २०७९ कात्तिक २७ गते आइतबार, अतिथि सदन विर्तामोडमा सम्पन्न गर्न प्रतिनिधि छनौट गर्नुपर्ने भएको हुनाले निम्न मिति, स्थान र समयमा एकाईगत बार्षिक साधारणसमा तथा प्रतिनिधि छनौट कार्यक्रम हुने निश्चय गरिएको हुनाले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलको विषयहरू :**

१) आव. २०७८/०७९ को सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रगति प्रतिवेदन उपर छलफल तथा अनुमोदन ।
२) आ.व. २०७८/७९ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा अनुमोदन ।
३) आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन उपर छलफल तथा अनुमोदन ।
४) आव. २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम छलफल तथा अनुमोदन ।
५) आ.व. २०७९/८० को लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण ।
६) संस्थाको विनियम, बचत, ऋण, कर्मचारी प्रशासन नियमावली तथा विभिन्न नीति तथा कार्यविधिहरू संशोधन र थप ।
७) विविध ।

**एकाई सभा हुने समय तालिका**

| क्र.सं. | मिति | सेवाकेन्द्र | ठेगाना | समय | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | २०७९।०७।१४ गते सोमवार | बिर्तामोड सेवाकेन्द्र | बिर्तामोड | ११ बजे | ९८०१९२०९२० |
| २ | २०७९।०७।१६ गते बुधवार | अर्जुनधारा सेवाकेन्द्र | अर्जुनधारा | ११ बजे | ९८०१९२०९०९ |
| ३ | २०७९।०७।१८ गते शुक्रवार | मेचीनगर सेवाकेन्द्र | मेचीनगर | ११ बजे | ९८०१९२०९१६ |
| ४ | २०७९।०७।२० गते आइतवार | कनकाई सेवाकेन्द्र | कनकाई | ११ बजे | ९८०१९२०९११ |
| ५ | २०७९।०७।२२ गते मंगलवार | हल्दिवारी सेवाकेन्द्र | हल्दिवारी | ११ बजे | ९८०१९२०९१८ |
| ६ | २०७९।०७।२४ गते विहीवार | गरामनी सेवाकेन्द्र | गरामनी | ११ बजे | ९८०१९२०९०८ |

**सन्तोषकुमार श्रेष्ठः सदस्य सचिव (प्रबन्धक)**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# चाडपर्व, मूल्यबृद्धि र उपभोक्ता

**चाडपर्वका समयमा उपभोग्य वस्तुको आवश्यकता अधिक हुन्छ । अर्थशास्त्रको नियम अनुसार कुनै वस्तुको माग बढ्दा मूल्यबृद्धि हुन्छ, माग घट्दा मूल्य पनि घट्छ । व्यक्तिका आवश्यकताले नै माग बढ्ने भएकोले चाड पर्वका समयमा मूल्यबृद्धि हुनु स्वभाविक नै मानिन्छ । त्यही अवस्था छ अहिले नेपाली बजारमा अर्थात् तिहारले छपक्कै छोपेको छ र यसबेला चाहिने विशेष सामग्री र वस्तुको किनमेल गर्नेहरुको भीड बजारमा बढेको छ । यस्तै बेलामा व्यापारीहरु मनलाग्दो मूल्य कायम गरी वस्तु विक्री गर्ने दाउमा रहन्छन् भने उपभोक्ताको असावधानीका कारण कमसल, म्याद गुज्रिएका र गुणस्तरहीन वस्तु समेत प्रशस्तै विक्री हुन्छन् । यी दुबै अवस्था अर्थात् उपभोग्य वस्तुको अनुचित मूल्यबृद्धि रोक्न तथा गुणस्तरहीन र मानव स्वास्थ्यका लागि हानिकारक बस्तु विक्री वितरण नगरियुन् भन्दै सरकारले प्रबन्ध गरेको हुन्छ ।**

**उपभोक्ताको हितको संरक्षणका लागि जिल्ला–जिल्लामा संयन्त्र बनाइएको छ । तर, त्यसको प्रभावकारिता अनुभूत हुने किसिमको छैन । लामो अन्तरालमा गरिने अनुगमन तथा निरीक्षणका कारण उपभोक्ता अधिक मूल्य तिर्न र गुणस्तरहीन तथा कमसल वस्तु उपभोग गर्न बाध्य छन् । सरकारले अनुगमनको लागि संयन्त्र बनाएको त छ तर मूल्यबृद्धिले आकाश छोएको छ । देशका सबै ठूला साना शहर बजारहरु निम्न स्तरीय मानिसका लागि पहुँचभन्दा बाहिर छ । दैनिक उपभोग्यवस्तुहरु चामल, दालतेल, हरियो सागसब्जी तथा लत्ताकपडामा दशैंका बेला ह्वात्तै बढेको मूल्य यथावत छ । अझ तिहारको काग तिहार आइपुग्दा यसैका सन्दर्भमा आवश्यक पर्ने वस्तु किन्नेहरुको भीडका कारण मूल्यबृद्धि झनै उच्च भएको छ ।**

**नेपालीको परम्परा नै हो कि चाडपर्वहरु परिवार भेला भएर एकापसमा रमाउनु, मीठो खानु, राम्रो लगाउनु । भेटघाट गर्ने, चाडपर्व मनाउने, रमाउने र रम्ने यही पर्वकै बेला व्यापारीहरुले नाजायज फाइदा उठाउँदै, मूल्यबृद्धि गर्ने तथा कृत्रिम अभाव खडा गर्ने गरेका छन् । सरकारी स्तरबाट बजारको नियमित अनुगमन नहुँदा उपभोक्ताको ठगिने अवस्था यथावत छ । अनुगमन भइहाले अनुचित कार्य गर्ने व्यापारीहरु, कालोबजारीहरु दण्डित भइरहेका छैनन् । अहिले त सरकारलाई अझ सजिलो छ स्थानीय तह बनिएपछि । तर, स्थानीय सरकार यतातर्फ बेखबर जस्तै छ । जनप्रतिनिधिहरु आचारसंहिता विपरीत चुनावी प्रचारमा लागेका छन् तर स्थानीयवासी मतदाताप्रति जिम्मेवार छैनन् । त्यसैले जिल्लास्तरीय संयन्त्रले नै बजार अनुगमनलाई तीब्रता दिएर उपभोक्ताको हित रक्षाका लागि अघि आउनुपर्छ । अन्यथा उपभोक्ताको अधिकारको संरक्षण सम्भव छैन ।**

# यस्तो छ तिहारको महत्व



तिहारको अन्तिम दिनलाई भाइटीका भनिन्छ । भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरंगी टीका लगाई मखमली र सयपत्रीको माला लगाइदिन्छन् । दाजुभाइले दिदीबहिनीलाई गच्छे अनुसार उपहार दिने गर्छन् भने दिदीबहिनीले पनि मीठा परिकार खुवाउने गर्छन् । तिहार अथवा दीपावलीलाई झिलिमिली बत्तीहरूको चाडका रूपमा लिइन्छ ।

**काग तिहार**

नेपालीहरूको दोस्रो ठूलो चाडका रूपमा मानिने तिहारको पहिलो दिनलाई काग तिहार भनिन्छ । यस दिन कागको पूजा गरिन्छ । आफ्नो परिवारमा कसैको मृत्यु भएको छ भने उनीहरूको सम्झनामा कागलाई विभिन्न परिकार तथा मिठाई खुवाउने गरिन्छ । कागले राम्रा र नराम्रा सन्देशहरू प्रवाह गर्ने भएकाले यसलाई यमराजको दूतका रूपमा पूजा गरिन्छ ।

**कुकुर तिहार**

तिहारको दोस्रो दिनलाई कुकुर तिहार भनिन्छ । कुकुरलाई टीका र माला लगाइदिएपछि मीठा परिकार दिएर पूजा गरिन्छ । कुकुरलाई इमान्दार जनावर मानिन्छ । घरपरिवारको सुरक्षा गरेबापत कुकुरको पूजा गरिँदै आएको छ ।

**लक्ष्मीपूजा**

तिहारको तेस्रो दिनलाई लक्ष्मीपूजा भनिन्छ । यस दिन लक्ष्मीको रूपमा गाईको पूजा गरिन्छ । गाईले परापूर्वकालदेखि नै मानिसलाई धेरै गुण लगाएबापत यसलाई पुज्ने गरिन्छ । यसै दिनसाँझ लक्ष्मीपूजा गरिन्छ । घरआँगन सफासुग्घर राखिन्छ । रातो माटो र गोबरले लिपपोत गरेर लक्ष्मीको पूजा गरिन्छ । लक्ष्मीलाई सम्पत्ति र सौभाग्यको प्रतीकका रूपमा लिइन्छ । यसै दिनदेखि भैलो खेल्न सुरु गरिन्छ । झ्यालढोकामा सयपत्रीको माला लगाएर घर सजिसजाउ पारे लक्ष्मी आउँछिन् भन्ने मान्यता छ ।

**गोवर्द्धन पूजा**

तिहारको चौथो दिनमा गोवर्द्धन पूजा अर्थात् गोरुको पूजा गरिन्छ । कृषि व्यवसायमा गोरुले पुऱ्याएको योगदानको कदर गर्दै गोरुको पूजा गर्ने गरिएको हो । यसै दिन नेवारी समुदायले आफ्ना शरीरको पूजा अर्थात् म्हःपूजा गर्ने गर्छन् । यो दिन देउसी खेल्ने गरिन्छ ।

**भाइटीका**

तिहारको अन्तिम दिनलाई भाइटीका भनिन्छ । भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरंगी टीका लगाई मखमली र सयपत्रीको माला लगाइदिन्छन् । दाजुभाइले दिदीबहिनीलाई गच्छेअनुसार उपहार दिने गर्छन् भने दिदीबहिनीले पनि मीठा परिकार खुवाउने गर्छन् ।

तिहार अथवा दीपावलीलाई झिलिमिली बत्तीहरूको चाडका रूपमा लिइन्छ । तिहारको अवधिभरि सबैले आ-आफ्नो घरमा दियो बत्ती बालेर झिलिमिली बनाउने चलन छ । हिजोआज कतिपयले भने रेडिमेड दियो र बत्ती बाल्ने क्रम पनि बढेको छ । तिहारको रमाइलोमा भुलेर आफ्नो सुरक्षाका बारेमा भने सोच्न बिर्सनु हुन्न नि ।



भाइबहिनीहरू, तिहारमा बत्ती बाल्दा वा पटाका पड्काउँदा धेरै नै होशियार हुनुपर्छ । त्यसैगरी टाढा-टाढासम्म पुगेर राति अबेरसम्म देउसीभैलो खेल्न पनि हुँदैन । हिजोआज असुरक्षाका विभिन्न घटना सुनिने गरेकाले भाइबहिनीले पनि आफ्नो सुरक्षा आफैं गर्न सिक्नुपर्छ र अभिभावकको सल्लाह मानेर तिहार मनाउनुपर्छ ।

# गाईको महत्व

नेपालीहरुको दोस्रो ठूलो पर्व तिहार भित्रि सकेको छ । हिन्दू धर्ममा गाईलाई आमाको रुपमा पूजा गरिन्छ ।

गाई जिँउदो देवीको प्रतिक पनि हो । हिन्दुहरुमा गाईको पुजा गर्ने विशेष दिन छ । लक्ष्मीपुजाका दिन विहान गाईलाई आँगनमा बाँधी तेल अगाई सयपत्री-मखमली फूलको माला लगाई, पिठाका परिकारहरु वनाएर खुवाइन्छ र पुजा गरिन्छ । पशुपालन तथा खेतिपाती गर्नेहरु हरेकसंग गाई हुने हुनाले उनीहरुले गाईको पूजा गर्नु स्वभाविक लाग्छ । तर, गाई वस्तु नपाल्ने हिन्दुहरु समेत यस बिशेष दिनमा गाईको पूजा गर्दछन् । जो संग गाई छैन उनीहरु गाई हुनेकामा गएर पुजा गर्दछन् । यदि कोही अशक्त भइ अर्काकोमा जान नसक्ने भए गाईको प्रतिक बनाएर र प्रतिमा पनि बनाउन नसके लिपेको आगनमा गाईको गोवरराखी त्यसैलाई गाई मानेर पुज्ने गर्दछन् ।



हिन्दूहरुले गाईको पुजा मात्र गर्ने होइन कि गाईकै गोवरले घर लिप्ने र गाईको मुत्र छर्किएर जुठो सुतकले अशुद्ध भएको घर शुद्ध बनाउने र गाईकै मुत्र पान गरी शरीर शुद्ध गर्ने गर्दछन् । यसरी गाईको पुजा गर्नु र गाई कै मुत्रले अशुद्धता शुद्ध पार्नु र मुत्रपान गरी शरीर शुद्ध भएको ठान्नु अन्य धर्मावलम्वीहरु र विशेष गरी गाईको महत्व नबुझ्नेहरुका लागि हिन्दूहरुको गाई प्रतिको आसक्ती हाँस्यास्पद साथै मुर्खकार्य जस्तो लाग्छ । तर, वैज्ञानिक कारणले गाईको महत्वलाई छुट्टै रुपमा हेरिएको छ । वैज्ञानिक शोधको रिर्पोटमा गाईमा जति सकारात्मक ऊर्जा हुन्छ, अरु प्राणीमा हुँदैन । वैज्ञानिकका अनुसार गाई एकमात्र यस्तो प्राणी हुन्, जो अक्सिजन ग्रहण गर्छ र अक्सिजन नै छाड्छन् । जबकी मानिस लगायत सबै प्राणी अक्सिजन लिन्छ र कार्बनडाईअक्साइड छाड्छ । घरको आसपास गाई छ भने संक्रमण रोग, चिसो, कफ आदिको समस्या नहुने विश्वास गरिन्छ ।

गाईको सूर्यकेतु नाडी-गाईको मेरुदण्डको हड्डीमा सूर्यकेतु स्नायु हानिकारक विकिरण रोकेर वातावरण स्वच्छ बनाइ राख्छ । यो पर्यावरणका लागि लाभदायक हुन्छ । साथै, सूर्यकेतु नाडी सूर्यको सम्पर्कमा अउनका लागि यहाँ स्वर्णको उत्पादन गर्छ । गाइको शरीरमा उत्पादन हुने यो सुन गाईको दुध, मुत्र र गोबरमा मिल्छ । गाईको यति धेरै महत्व रहे पनि झापासहितका केहि जिल्लाबाट गाई तस्करी हुने गरेका घटनाहरु बाहिर आउने गरेका छन् तर, दिनरात गौ संरक्षणमा जुटेका झापाको गौरीगञ्ज गाउँपालिका-१ महाभाराका भीम भट्टराईको दैनिकी घरको काम सके लगत्तै गौ संरक्षणमा बित्ने गरेको छ ।

२०५० सालबाट निरन्तर रुपमा गौ संरक्षणमा लागेका उनले कतिपय स्थानमा गाईको तस्करी गर्नेहरुबाट कुटाई पनि खाएका छन् । नेपालबाट बिक्री गरी भारततर्फ मासुका लागि लगिँदै गरेका गाईलाई उनले सीमामा नै रोकर प्रहरीको सहयोगमा नेपाल फर्काउने काममा उनी निरन्तर लागि रहेका छन् । तस्करले विभिन्न बहाना बनाएर गाई तस्कर गरेको सुईको पाए उनी त्यस ठाँउमा गएर प्रतिकारमा उत्रने गरेका छन् । उनले तस्करीबाट ल्याएका गाईलाई संरक्षणाका लागि राख्ने गरेका छन् । यसलाई रोक्न र गौमाताको संरक्षण गर्ने उद्देश्यले शिवसताक्षी नगरपालिका-११ स्थित सताक्षीधाममा २०७२ सालदेखि गोलोक गोवर्द्धन गौशाला सञ्चालनमा ल्याइएको छ ।

गौशाला स्थापनापछि व्यापारीले बेच्न भारततर्फ लैजाने क्रममा सीमा क्षेत्रबाट प्रहरीद्वारा पक्राउ गरिएका गाईदेखि जिल्लाका १५ वटै पालिकाका वृद्ध, रोगी र अशक्त गाईको संरक्षण भइरहेको छ । गौशाला समितिका संरक्षक आर्चाय नन्दकिशोर भारद्वाजले गौशालाले गाईको संरक्षणमात्र होइन, जिल्लाभित्रका गरीब, असहायलाई दूध खाने उन्नत जातको गाई दिन समेत थालेको बताए ।

गाईको हेरचाहका लागि गौसंरक्षक रहेको र उनीहरुले काम गरिरहेको बताइएको छ । उनीहरु दैनिकजसो गाईको स्याहारमा खट्ने, गाईको गोबरबाट गड्यौलें मल, गोकाष्ठा बनाउनेलगायत काममा खटिन्छन् । यहाँ उत्पादित मल र गोकाष्ठा समेत बिक्री गरेर गौशालाका गाईलाई दाना, साइलेजलगायत वस्तु किनेर खुवाउने गरिएको छ ।

झापामा नै गौ संरक्षण भइरहेकाले तस्करी रोक्न सबै एकजुट भएर लाग्नुपर्ने गौ संरक्षणको अभियानमा खटिएका भट्टराईको छ । उनले तस्करहरुले विभिन्न स्थानमा ठाँउ सार्दै गाईहरु भारत पुऱ्याउने भएकाले प्रहरी र स्थानीय तहका जनप्रतिनिधि चनाखो बन्नुपर्ने उल्लेख गरे । उनले गौ माताको संरक्षणमा सबैलाई एकजुट हुन आग्रह गर्दै लक्ष्मी पूजा र गाई पूजाको शुभकामना समेत दिएका छन् ।

# आज लक्ष्मी जयन्ती

*कालो बादलबाट खसेको*
*अन्धकारमा भित्र पसेको,*
*ईश्वर हो कि भिखारी ?*

ईश्वर र भिखारीलाई एउटै तराजुमा तुलना गरेर लेखिदिए महाकवि लक्ष्मीप्रसाद देवकोटाले ।

*माग्दछ करुणा भाइहरूमा*
*आई पृथिविवारि,*
*माग्दछ भिक्षा ईश्वर मेरो*
*आँगनको एक भिखारी ?*

समाजको छर्लङ्ग चित्रलाई बडो चित्ताकर्षक ढगंले पस्कने महाकविका कृति अनि अन्तर्राष्ट्रिय लेखकहरूसँगै अब्बल ढङ्गले पौंठेजोरी खेल्न सक्ने उनका कृतिहरूकै कारणले गर्दा होला देवकोटालाई कतिले 'जियोग्राफिक मिस्टेक' भनेर समेत चित्रण गरेका छन् । स्वर्गभूमि नेपाल अनि नेपालको साहित्य रसका हिरा कृतिका सर्जक देवकोटा सबै नेपाली हृदयमा सदैव चम्किला तारा बनेर विद्यमान छन् ।

आजको दिन नेपाली साहित्यका लागि अत्यन्त विशेष दिन हो । आजकै दिन अर्थात् वि.सं. १९६६ लक्ष्मीपूजाकै दिन महाकवि लक्ष्मीप्रसाद देवकोटाको नेपाली साहित्यमा सरस्वतीको प्रसादका रूपमा जन्म भएको हो । नेपाली साहित्य अनि वाङ्मयमा महाकवि देवकोटाको योगदान उल्लेखनीय छ । वहाँका अमर कृतिहरुः मुना-मदन, कुञ्जीनि, शाकुन्तलजस्ता कृतीहरूले आजसम्म पनि नेपाली साहित्यको शोभा बढाइरहेका छन् ।

*'क्षेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन*
*मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन'*

मुनामदनको यी श्लोक उति बेला पनि नेपाली समाजमा समानता र विभेद विरोधी सामाजिक न्यायको बिगुल स्वरूप महाकवि छुवाछूत तथा अनेक जातजातिका सवालमा समान धारणा राख्दथे भन्ने स्पष्ट पार्छ, उति बेलाको नेपाली समाजकालागि यो एउटा ठूलो क्रान्ति नै हुनुपर्छ । शायद यही कारणले गर्दा होला उनको लेखनको चर्चा विभिन्न अन्तर्राष्ट्रिय लेखकहरूले पनि दिल खोलेर गरेका छन् ।

तिन महिनामा शाकुन्तल काव्य लेख्न सक्ने, १० दिनमा सुलोचना लेखेर भ्याउने र एक दिनमा कुञ्जिनी लेखेर



भ्याइदिने देवकोटा उनै हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटाको आजकै दिन अर्थात् लक्ष्मीपूजाकै दिन जन्म भएको हो ।

निबन्ध स्वरूपमा अझ प्रखर र भरिला अभिव्यक्तिहरू दिन सक्ने महाकविले सत्र वर्षको उमेरमै भारतको पटनाबाट म्याट्रिक पास गरेर त्रिचन्द्र कलेज काठमाडौमा कलामा स्नातकोत्तर अध्ययन गर्नुभएको हो । उहाँका मुनामदन, वन कुसुम, प्रमिथस लगायतका कृतीहरू अनि भिखारी, गाइनेको गीत, पागल, पुतली लगायतका कविता संग्रहहरु नेपाली साहित्य अनुरागीका लागि सृजनाको कोशेढुङ्गा सावित भएको छ । उहाँका कृतिमा वेदना र रसिकताको अद्भूत मिश्रण सहितको एउटा सम्मोहन पाइन्छ ।

भारतीय महापण्डित डा. राहुल साङ्कृत्यायनले भनेका थिए, 'मैले देवकोटालाई बुद्धपछिको सबैभन्दा ठुलो मानव अवतारका रूपमा लिएको छु ।' साङ्कृत्यायनले देवकोटालाई भारतका जल्दा बल्दा तीन कवि जय शङ्करप्रसाद, सुमित्रा नन्दन पन्त र सूर्यकान्त त्रिपाठी निराला बराबर एक जना देवकोटा हुन् भनेका थिए ।

देवकोटाका जीवनका विभिन्न घटनाक्रमहरू अत्यन्त प्रशिद्ध र अचम्म लाग्दा पनि छन् । विद्यालय जीवनमा आफूले लेखेका कविताहरू साथीहरूलाई सुनाउँदा उनीहरूले त्यो कविता देवकोटाले लेखेका हुन भनेर पत्याउँथेनन् । शुरुवातकालीन दिनहरूमा कवि शिरोमणि लेखनाथ पौड्यालका कृतिहरूबाट प्रेरित देवकोटापछि गएर पश्चिमी सर्जकहरू वर्डसवर्थ र सेलीका अंग्रेजी सृजनाहरूलाई पनि पढ्न थाले । पढाइका हिसाबमा देवकोटाले आईएस्सी त्रिचन्द्र कलेजबाट गरेका हुन् भने बिए बिएल चाहिँ पटना विश्वविद्यालयबाट गरेका हुन् ।

बर्खामा पानी पर्दा छाताका कारणले कार्यालय ढिला पुगेका देवकोटाले एक दिनभरि नै लगातार छाताका विषयमा भाषण गरिदिएका थिए । दिनैभरि एउटा उदेक लाग्दो विषयमा भए पनि आकर्षक शब्दहरूको माला र वह आयाम केलाउन सक्ने देवकोटाको कलम र मस्तिष्कमा वास्तवमै लक्ष्मी र सरस्वतीका अवतारकै रूपमा नेपाली बाङ्मय को प्रगतिका लागि आएका हुन् ।

वर्तमान त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन अनि बढोत्तरी कालागि पनि महाकवि आफू शिक्षामन्त्री हुँदा गरेका दूरगामी कदमहरू प्रशंसनीय छन् ।

*चिताग्नि तापी जल डाल्न फाली*
*संस्कार आफ्नो सब नै गुमाएँ*
*म शून्यमा शून्य सरी बिलाएँ*
*जन्मैं म यो स्वर्ग विषे पलाएँ*
*आखीर भै खाक त्यसै बिलाएँ ।*

वि सं २०१६ सालमा संसारबाट बिदा भएका यिनै महाकविको आजको यो जन्मजयन्तीमा उहाँप्रति श्रद्धासुमन । भाषा, साहित्य र हाम्रा मूर्द्धन्य साहित्यकार तथा स्रष्टाहरू वहाँहरूको सृजनासँगै जिउँदै हुनुहुन्छ र यो पृथ्वी रहुञ्जेल बाँचिरहनुहुनेछ ।



# महाकविको सम्झना आउँदा...

लक्ष्मी पूजाकै पावन दिनका, तिमी हे लक्ष्मीका प्रसाद
दश बर्षको कलिलो उमेरमै, लियौं तिमीले कपी र कलमको साथ
फुऱ्यो बालकविता 'धनधोर दुःख सागर जान भाइ
नगरे घमण्ड कहिल्यै, मर्नु छ हामीलाई
फुऱ्यो यौवनकालमा मुना र मदन, छेत्रीको छोरा यो पाउ छुन्छ घीनले छुँदैन
मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।
खुल्यो अन्त्यमा प्रज्ञा चक्षु, रहेछ संसार निशा समान आएन ज्युँदै रहँदा यो ज्ञान
'आखिर श्रीकृष्ण रहेछ एक, नभक्ति भो ज्ञान नभो विवेक
संसार आफ्नो सबनै गुमाएँ, म शून्यमा शून्य सरि बिलाएँ
हे ! रोमान्टिक युगका श्रष्टा महाकवि, तिम्रो पूर्णिमाको जलधीमा
'कर्‍रलीज' र 'बर्डस्वथ' जस्ता, समेत लोभिएका छन्
हे ! सुधारवादी युगपुरुष देवकोटा
तिम्रा भिखारी, यात्री मुनामदनमा
समाजका दलित, पीडित र शोषित निमुखा जनताका
कारुणिक आँशु र वेदनाहरु मूर्त्त भइ प्रतिबिम्वित् भएका छन्
हे ! काव्य क्रान्तिका अग्रदूत देवकोटा
तिम्रा शाकुन्तल, सूलोचना र सावित्रीहरु यहाँ
विश्ववादको नारा दिई, शंखनाद गर्दै, चेतनाका द्वारहरु खोलिरहेछन्
हे ! सौन्दर्य पारखी, कल्पनाका सम्राट, देवकोटा
तिम्रो सौन्दर्यको काव्य श्रृंगारमा, प्रकृति पनि बेढंगले सर्माएकी छन् ।
हे ! जीवनमुखी यथार्थवादी महाकवि देवकोटा
जीवन दर्शनको काव्यमृत बहाई, कुन मन्दिरमा जान्छौं यात्री, सोध्दै
हुस्सु पथिक हामी यात्रीलाई, मार्गदर्शन गर्दै उच्च चेतनाद्वार खुलाइरहेका छौं ।
हे ! आध्यात्मवादी काव्यरीथ देवकोटा
मनको सुन्दर सिंहासनमा जगदीश्वरको राजको तिम्रो सन्देशले
प्राणी जगतलाई शास्वत सत्यताको अहर्निश दिव्यबोध गराइरहेको छ
हेफ! क्यान्सर पीडित, सरस्वतीका बरद पुत्र देवकोटा
तिम्रा सयौं पावन कृतिहरुले तिम्रो गरिमाको गाथा गाउन्
धर्तीका हामी मानव जातिलाई सदासर्वदा घच्घच्याई रहोस्, घच्घच्याई रहोस् ।

**– लोकनाथ पौड्याल**
**निबृत्त उपप्राध्यापक**
**मेची बहुमुखी क्याम्पस, झापा**

# 'प्लाष्टिकका माला प्रयोग नगरौं'

**काठमाडौँ, कात्तिक ६।** फ्लोरिकल्चर एशोसिएशन नेपाल (फ्यान) का अनुसार नेपालमा एक सय ७८ हेक्टर जमिनमा व्यावसायिक फूलखेती हुने गरेको छ ।

हाल नेपालका ४४ जिल्लामा व्यावसायिक फूलखेती भइरहेको छ । यस वर्षको भाइटीकामा विभिन्नथरीका रु. १४ करोड मूल्य बराबरको २४ लाख माला खपत हुने अनुमान छ । यस वर्षको भाइटीका कात्तिक १० गते परेको छ ।

यसवर्ष सरकारले तिहारमा फूल र माला आयातमा रोक लगाएको छ । जसले गर्दा पुष्प व्यवसायी, किसान तथा उपभोक्तालाइ राहत हुने भएको छ । माला एकपटक प्रयोग हुने वस्तु हो । किसानले तिहारमा माला बिक्री गर्ने उद्देश्यले पुष्पखेती गरेका हुन्छन् । तर, उपभोक्ताले प्लाष्टिकका माला प्रयोग गरेपछि आम किसान मर्कामा पर्ने भएकाले प्लाष्टिकका माला उपभोग नगर्न आग्रह गरेका हौँ- फ्यानका महासचिव विश्वमणि पोखरेलले राससलाई बताए ।

प्रायः तिहारमा सयपत्री, मखमली र गोदावरी फूलको खपत हुने गरेको छ । नेपालमा फूल तथा फूलजन्य सामग्री छिमेकी मुलुक भारतबाट आयात हुने गरको थियो । नेपाल फूलमा आत्मनिर्भर



छैन । गत वर्ष नेपालले रु. ११ करोडको फूल आयात गरेको थियो । गत वर्षको तिहारमा भारतबाट झण्डै तीन लाख वटा माला आयात भएको थियो । तर, यस वर्ष समयमा नै वर्षा भएकाले फूलको उत्पादन बढेको हुँदा आयात आवश्यक नपर्ने फ्यानले बताएको छ ।

नेपालमा व्यावसायिक फूलखेती शुरुवात भएको २५ वर्ष पुगिसकेको छ । वि.सं. २०११ बाट नेपाल प्राइभेट नर्सरीको स्थापनासँगै सामान्यस्तरमा शुरु भएको फूल व्यवसायबाट आर्थिक वर्ष २०७९/८० सम्म आइपुग्दा ४२ हजारभन्दा बढी व्यक्ति प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा लाभान्वित भएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले नेपालमा पुष्प व्यवसायको भविष्य उज्ज्वल रहे पनि नीतिगत समस्याका कारण अपेक्षाअनुसार लगानी बढ्न नसकेको बताउँछन् । नेपालको भौगोलिक विविधताका कारण संसारमा पाइने जुनसुकै फूल तथा वनस्पति खेती गरेर निर्यातसमेत गर्न सकिने प्रचुर सम्भावना छ ।

पुष्प क्षेत्रको लगानीबाट राम्रो प्रतिफूल लिन सकिन्छ । विश्वमा नेपाली फूल 'हिमालयन फ्लावर' का नाममा बिक्री हुनसक्छ । तर, बृहत् लगानी हुन सकेका छैनन् । ठूला लगानी भित्र्याउन सरकारले नीतिगत सुधारमा ध्यान पुऱ्याउनुपर्छ- अध्यक्ष गोल्छाले भने ।

धार्मिक, सांस्कृतिक तथा सामाजिक क्षेत्रमा फूलको महत्व रहिआएको छ । फूलले नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउने सम्भावना छ । सयपत्री फूलखेती गर्न उर्वर जमिनको आवश्यकता पर्दैन । भिरालो तथा खेतबारीका आली तथा कान्ला, आँगनका डिल, गमला एवम् घरघरका कौशीमा फूलखेती गर्न सकिन्छ ।

नेदरल्याण्ड विश्मा धेरै फूल निर्यात गर्ने देशमा पर्छ । नेपालले फूल निर्यात गर्नसक्ने सम्भावना रहेको फ्लोरिकल्चर एशोसिएशन नेपालका पूर्वध्यक्ष कुमार कसजुले जानकारी दिए ।

फूल पवित्र वस्तु भएकाले नेपालमा जन्मदेखि मृत्युसम्म उपभोग हुँदै आएको छ । यसको आवश्यकता सबै जातजाति र धर्म, संस्कृतिमा बराबरी छ । कृषि विभागका उपमहानिर्देशक डा हरिबहादुर केसीले सरकारी लगानी खाद्यबालीमा केन्द्रित भएका कारण पुष्प क्षेत्रमा अपेक्षा अनुसार लगानी हुन नसकेको जानकारी दिए ।

वनस्पति विभागका महानिर्देशक डा राधा काफ्लेले नेपालमा वर्षैभरि फूलिरहने गोदावरी फूलको विकास गरेको भन्दै यसको प्रवर्द्धनका लागि विभागले फ्यानसँग सहकार्य गर्दै आएको जानकारी दिए । फ्यानका अध्यक्ष मीनबहादुर तामाङले संघीयता लागू भएसँगै पुष्प क्षेत्र हेर्ने केन्द्रीय निकाय नै नभएको गुनासो गरे । उनले पुष्प क्षेत्रको प्रवर्द्धनका लागि सरकारले पुष्प प्रवर्द्धन नीतिको पुनर्लेखन गरी लागू गर्नुपर्छ भने ।

पुष्प प्रवर्द्धन नीति अहिलेसम्म कार्यान्वयनमा आएको छैन । नीतिको समयसापेक्ष परिवर्तन आवश्यक छ । नेपालमा पुष्पखेतीका लागि हालसम्म 'हाइब्रिड' बीउ र 'टिस्यू कल्चर' बिरुवा उत्पादन प्रविधि नभएका कारण फूलको माग अनुसार उत्पादन हुन नसकेकाले बेलाबखतमा आयात गर्नुपरेको हो ।

# साहित्य चौतारीको दक्षिणारहीत सडक देउसी

**बिर्तामोड, कात्तिक ६।** साहित्य चौतारी झापाले यसवर्ष पनि दक्षिणारहीत सामूहिक सडक देउसी खेल्ने भएको छ ।

चौतारीका अध्यक्ष हस्त परियारको अध्यक्षता र संरक्षक देवीभक्त श्रेष्ठको प्रमुख आतिथ्यमा बसेको बैठकले अघिल्ला वर्षमा जस्तै सडक देउसीलाई निरन्तरता दिने निर्णय गरेको हो ।

संरक्षक श्रेष्ठले कात्तिक ९ गते गोवर्धन पूजाका दिन बिहान ११ बजेदेखि बिर्तामोडको दुर्गा मन्दिर परिसरमा सडक देउसी प्रतियोगिता आयोजना गरिने बताए । देउसीपछि चौतारीको सभाहल होटल हिकोला हेरिटेजमा प्रतियोगितात्मक मासिक साङ्गीतिक काव्यसभा आयोजना गरिएको छ ।

साहित्य चौतारीकी पूर्व उपाध्यक्ष, यसअघि सम्मानित व्यक्तित्व साहित्यकार लीला अनमोलको प्रमुख आतिथ्यमा चौतारीले देउसीभैलो तथा मासिक सांगीतिक काव्यसभा आयोजना गर्न लागेको हो । यसपटक साहित्य चौतारीका सहसचिव देवीचरण भण्डारीको देउसी विशेष प्रस्तुति रहनेछ ।

बैठकले तिहार विशेष कार्यक्रमको संयोजक सुनिता तामाङलाई तोकेको छ । तामाङ मासिक काव्यसभा संयोजक समेत छिन् । बैठकले प्रतियोगितात्मक कार्यक्रमको निर्णायकमा साहित्यतर्फ दिलिप घिमिरे, संगीततर्फ गायक बिजय दंगाल र कलातर्फ छम्छमी बिजेता अनुजा अग्रवाललाई राख्ने निर्णय गरेको छ ।

बैठकले होटल हिकोला हेरिटेजका सञ्चालक देवीभक्त श्रेष्ठलाई प्रदेश सरकारले पर्यटनको क्षेत्रमा गरेको विशिष्ट योगदानस्वरुप सम्मान गरेकोप्रति आभार व्यक्त गर्दै बधाई तथा शुभकामना दिएको छ । नेपाल गीतकार संघबाट सम्मानित



भएका साहित्य चौतारीका संस्थापक अध्यक्ष गीतकार शिवशंकर थापा र टीका भट्टराईलाई पनि चौतारीले बधाई तथा शुभकामना दिएको छ ।

बैठकले शताब्दी पुरुष संस्कृतिविद् सत्यमोहन जोशीको निधनप्रति दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जलिसहित शोक प्रस्ताव पारित गरेको छ । जोशीको २०७९ असोज २९ गते निधन भएको थियो ।

**झापा तथा बाहिर जिल्लामा पनि साहित्य चौतारी**

साहित्य चौतारीले झापाका विद्यालय तथा झापा बाहिरका विद्यालयमा पनि मासिक सांगीतिक काव्यसभा आयोजना गर्ने निर्णय गरेको छ । संरक्षक देवीभक्त श्रेष्ठले बालप्रतिभाको विकासका लागि चौतारीले झापा र त्यसभन्दा बाहिरका जिल्लामा पनि साहित्यिक अभियान चलाउन लागिएको जानकारी दिए ।

विद्यालय तहमा मासिक सांगीतिक काव्यसभा आयोजना गर्न साहित्यकार भानुभक्त कुभिण्डेलीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । समितिको व्यवस्थापनमा कार्यक्रम आयोजना गर्ने चौतारीको तयारी छ ।

समितिको सहसंयोजकमा साहित्यकार लीला अनमोल छिन् । सदस्यमा अनिरुद्र ओली, दुर्गाप्रसाद सिग्देल र सुनिता तामाङ छन् । यसअघि साहित्य चौतारीको आयोजनामा भोजपुरका केही विद्यालयमा साहित्यिक अभियान सञ्चालन भएको थियो ।

# 'शआऔ'द्वारा धनवन्तरी जयन्ती



**अर्जुनधारा, कात्तिक ६।** 'स्वस्थ पर्यावरण र समुन्नत स्वास्थ्यका लागि आयुर्वेद' भन्ने मुख्य नारासहित धनवन्तरी जयन्ती तथा आरोग्य दिवसको सन्दर्भमा आइतबार शनिश्चरे आयुर्वेद औषधालयले विविध कार्यक्रम गरी मनाएको छ ।

अर्जुनधारा-७का वडाध्यक्ष एवम् औषधालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दप्रसाद खतिवडाको अध्यक्षतामा आयोजित कार्यक्रममा आयुर्वेदका प्रवर्तक धनवन्तरीको पूजाअर्चना एवम् स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राईको प्रेसर र सुगर परीक्षण गर्दै उद्घाटन गरिएको उक्त शिविरमा ३० जनाभन्दा बढीले सेवा लिएको औषधालयका प्रमुख वरिष्ठ कविराज अनिल ठाकुरले जानकारी दिए ।

साही कार्यक्रममा वडाध्यक्ष खतिवडा र प्रमुख प्रशासकीय अधिकृत राईको संयुक्त नेतृत्वमा औषधालयको कार्यालय र उपचार केन्द्रको निरीक्षण गरिएको थियो ।

'के घर के डेरा' की नायिका सुरक्षा भन्छिन्-

# 'सम्पादन अझै टाइट हुनुपर्थ्यो'

कमर्शियल र आर्ट दुवै खालका फिल्ममा सशक्त उपस्थिति जनाएकी भर्सटायल अभिनेत्री सुरक्षा पन्त अभिनित नयाँ फिल्म 'के घर के डेरा' दीपावलीको अवसर पारेर शुक्रवारबाट प्रदर्शनरत् छ ।

काठमाडौंमा घर हुने र डेरामा बस्नेहरूको समस्यामाथि आधारित भएर निर्माण भएको यो फिल्ममा सुरक्षाले डेरामा बसेर काठमाडौंमा घर किन्ने सपना बोकेको पात्रको रूपमा अभिनय गरेकी छन् । डबिङमा आफ्नो भागको सिन हेरेकी सुरक्षाले शुक्रवार अभिनेत्री वर्षा राउतको साथमा दर्शकसँगै बसेर पूरा फिल्म हेरिन् । फिल्म हेरिसकेपछि सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले आफू दर्शक भएर हेर्दा



फिल्म अत्यन्त रमाइलो बनेको प्रतिक्रिया दिइन् । उनले फिल्मको कमजोरी पक्ष पनि औंल्याएकी छन् । उनी भन्छिन्- मलाई फिल्म हेरिरहँदा सम्पादन अलि टाइट भइदिए हुन्थ्यो जस्तो लागेको थियो ।


के तपाईको Class 12 मा NG (Non-Graded) आयो ?
अनुभवी तथा मेहनती शिक्षक/शिक्षिकाबाट अध्यापन गराइने
Science, Management, Humanities, Education
सबै संकायका
कक्षा १२ को छ ओटै विषयका कोचिङ्ग कक्षाहरु पास गराउने नै उद्देश्यले संचालित छन् ।
Special Tuition Class: Account, English, Maths, Physics, Chemistry
विगतका वर्षहरुमा अत्याधिक विद्यार्थीहरु पास गराउन सफल
सम्पर्क
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथिसदन रोड, बिर्तामोड, झापा
023-544975 9804988534

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

हार्दिक शुभकामना
२०७९ सालको शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वत ११४३ को पावन अवसरमा यस पथरी शनिश्चरे नगरपालिकावासी सम्पूर्ण आमाबुबा, दाजुभाई तथा दिदी बहिनी सहित देश विदेशमा रहनुहुने नेपालीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनहितमा जारी सूचना
डेंगी रोकथामका उपायहरु :
– घर वरपर पानी जम्मा हुन नदिने, – पानीका ट्यांकीमा लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने, – सम्भव भएसम्म दिउँसो सुत्नु परेमा झुलभित्र मात्र सुत्ने साथै केटाकेटीहरुलाई झुलभित्र मात्र सुताउने, – लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मल्हम लगाउने, – घरको झ्याल-ढोकामा जाली लगाउने, – घर वरिपरि सफासुग्घर राख्ने, पानी जम्ने खाल्डाखुल्डी भए पूर्णरुपमा पुर्ने, – एडीस एज्प्टिाइ जातको लामखुट्टेले दिउसो टोक्ने हुँदा दिउसो बस्दा पनि प्राय फूलवाहुला भएको वा शरीर पुरै ढाक्ने लुगा लगाउने ।
पथरीशनिश्चरे नगरपालिका परिवार
नगर कार्यपालिकाको कार्यालय, पथरी शनिश्चरे, मोरङ

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।


यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पती, पत्नीबीच थोरै बादबिबाद बढ्न सक्छ, समयमै बिचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट शुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाइको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा बिचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प,** [redacted]

समय मिश्रित प[redacted] समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कार्यसिद्धिहुने दिन छ, मान सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा बादबिबादको योग रहेको छ, शतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा बिचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समूयाले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय शुभफलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा बिचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बिपरित लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाँइको समय उत्तमसिद्धि रहेको छ ।